"साँस्कृतिक शान, आठराईको पहिचान"

# आठराई राजपत्र

# आठराई गाउँपालिकाद्वारा प्रकाशित


## खण्ड ६ संख्याः ४

**गाउँ कार्यपालिकाद्वरा स्वीकृत मितिः २०८०/०५/०३**

**राजपत्रमा प्रकाशित मितिः २०८०/०५/०४**


## भाग २

**आठराई गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**संक्रान्तिबजार, तेह्रथुम**

**कोशी प्रदेश, नेपाल।**

# आयोजना व्यवस्थान तथा सञ्चालन (पहिलो संशोधन) कार्यविधि - २०८०

**प्रस्तावनाः** आयोजना व्यवस्थान तथा सञ्चालन कार्यविधि, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आठराई गाउँपालिकाले देहायको कार्यविधि बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम " आयोजना व्यवस्थान तथा सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ।

२. **आयोजना व्यवस्थान तथा सञ्चालन कार्यविधि, २०७५ को ८(५) मा संशोधनः** (१) आयोजना व्यवस्थान तथा सञ्चालन कार्यविधिको दफा ८(५) मा देहायको ब्यहोरा थप गरिएको छः-

(क) "तर गाउँपालिकामा सङ्घीय तथा प्रादेशिक सरकारबाट प्राप्त भएका समपुरक तथा विशेष अनुदानहरू र गाउँपालिकाबाट विनियोजित आयोजनाहरू सार्बजनिक खरिद ऐन २०६३ को दफा ४४ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिबाट खरिद/निर्माण कार्य सम्पन्न गर्न गाउँपालिकाका अध्यक्षको रोहवरमा उपभोक्ता समिति गठन गर्नुपर्नेछ।"

आज्ञाले,
श्री निराज शर्मा
प्रमुख प्रशासकीय अधिकृत
आठराई गाउँपालिका